# विद्युत् नियमन आयोग

(विद्युत् नियमन आयोग ऐन, २०७४ बमोजिम स्थापित स्वायत नियमनकारी निकाय)

## विद्युत् सुशासन स्मारिकाका लागि लेख रचना उपलब्ध गराइदिने सम्बन्धी सूचना।

विद्युत् नियमन आयोगको आठौं वार्षिकोत्सवको अवसरमा प्रकाशन हुन लागेको **"विद्युत् सुशासन"** स्मारिकाका लागि निम्नलिखित विषयक्षेत्रमा आधारित भएर कम्तीमा २००० शब्द र बढीमा ५००० शब्द सम्ममा लेखिएका अनुसन्धान तथा खोजमूलक वा विश्लेषणात्मक लेख रचनाहरू २०८२ साल चैत १५ गतेभित्रमा तल उल्लेखित इमेलमा उपलब्ध गराइदिनुहुन इच्छुक सबैमा हार्दिक अनुरोध गरिन्छ ।

१. लेख रचनाको लागि प्रस्तावित विषयक्षेत्र

- विद्युत् नियमन आयोगको आवश्यकता, महत्व वा उपादेयता र विद्युत् क्षेत्रमा यसको प्रभाव सम्बन्धमा गरिएको विश्लेषणात्मक मीमांसा,
- विद्युत् क्षेत्र नियमनको सैद्धान्तिक तथा व्यावहारिक पक्षहरू,
- ऊर्जा तथा जलविद्युत्,
- विद्युतको उत्पादन, प्रसारण, व्यापार, वितरण र उपभोगका विभिन्न पक्षहरू,
- विद्युतको उत्पादन, प्रसारण, व्यापार, वितरण र उपभोगका बिभिन्न पक्षहरूको नियमनसम्बन्धी विश्लेषणात्मक मीमांसा,
- संस्थागत सुशासन,
- विद्युत् सम्बन्धी महसुल निर्धारणका सैद्धान्तिक तथा व्यावहारिक पक्षहरू,
- विद्युत् उपभोक्ताको हित र संरक्षण सम्बन्धी विषयहरू,
- जलविद्युत् कम्पनीको नियमन र अनुगमनसम्बन्धी विषयहरू,
- विद्युतको खुला पहुँच सम्बन्धी विषयहरू,
- विद्युत् सम्बन्धी विवाद समाधानका सैद्धान्तिक तथा व्यावहारिक पक्षहरू,
- विद्युत् कम्पनीको पूँजी, लागत, शेयर निष्कासन सम्बन्धी विषय ।

  (माथि उल्लेखित विषयवस्तुहरू लेख रचनाको शीर्षकको लागि नभएर तत्सम्बन्धी सन्दर्भको लागि मात्र हो । लेखकले ती विषयवस्तुमा अन्तर्निहित सूक्ष्म पक्षलाई आफैंले रोजेर उपयुक्त शीर्षक चयन गर्न सक्नुहुनेछ। )

२. लेख रचनाको ढाँचा (सम्भव भएसम्म)

- भूमिका/परिचय/विषयप्रवेश
- विषयवस्तुको विश्लेशणात्मक प्रस्तुति
- निष्कर्ष
- सन्दर्भ सामग्री

**विद्युत नियमन आयोग**
काठमाडौं, नेपाल

३. अन्य विषयहरू

- अन्यत्र प्रकाशन भैसकेका लेख रचनाहरू, अन्य लेखकको लेख वा प्रकाशित कृतिबाट हुबहु नक्कल गरिएका लेख रचनाहरू प्रकाशन गरिने छैन ।
- लेख रचना प्रकाशन गर्ने/नगर्ने सम्बन्धी अधिकार सम्पादक मण्डलमा रहनेछ ।
- यस स्मारिकाका लागि पठाइएका लेख रचना स्मारिकाको यो अङ्क प्रकाशन नहुँदासम्म अन्यत्र प्रकाशनका लागि दिन पाइने छैन ।
- लेख रचना नेपाली भाषामा भए युनिकोड (फन्ट साइज १२) वा अङ्ग्रेजी भाषामा भए Times New Roman (Font Size 12) मा हुनुपर्नेछ ।
- लेखक/सहलेखकको संक्षिप्त परिचय, इमेल, मोबाइल नम्बर, संस्थागत आबद्धता भएमा सो समेत खुलाई एक प्रति पासपोर्ट साइजको फोटो लेख रचनासँग संलग्न गरी पठाउनुपर्नेछ ।
- लेख रचनामा सन्दर्भ सामग्रीका रूपमा उल्लेख गरिएका कृतिहरूको प्रचलित एपीए ढाँचा (APA
- 7th Edition) मा उल्लेख भएको हुनुपर्नेछ ।
- लेख रचनामा समावेश भएका चित्र, तालिका आदि सम्पादन गर्न सकिने (editable) हुनुपर्नेछ ।
- प्रकाशित लेख रचनाको लागि नियमानुसार पारिश्रमिक उपलब्ध गराइनेछ ।
- लेख रचना jhampd@yahoo.com वा admin@erc.gov.np मा इमेल मार्फत पठाउन सकिनेछ ।

मितिः २०८२।११।१५